वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ९ मिति: २०७९/०८/२६


## भाग २

# सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना**

वीरेन्द्रनगर नगरपालिका भित्र सामुदायिक पशु (वेवारिसे रुपमा छाडा छाडीएका गाई गोरु) को समुचित व्यवस्थापन गरी वीरेन्द्रनगरलाई सफा, स्वच्छ, सुन्दर र सुरक्षित शहर बनाउन एवम् पशु अधिकारको संरक्षण गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम वीरेन्द्रनगर नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले वीरेन्द्रनगर नगरकार्यपालिका सम्झनु पर्छ।

(ग) "सामुदायिक पशु" भन्नाले मालिक पहिचान भएका वा नभएका पशुधनीबाट छाडा रुपमा छाडिएका गाई गोरु सम्झनु पर्छ।

(घ) "गौशाला" भन्नाले सामुदायिक पशु राखिएको स्थान एवम् संरचना तथा सम्पत्ती रहेको क्षेत्रलाइ सम्झनु पर्छ।

(ङ) "गौशाला सञ्चालक" भन्नाले सामुदायिक पशुहरु रहेको गौशालाको समुचित व्यवस्थापन एवम् सञ्चालन गर्न जिम्मेवारी पाएको पक्षलाइ सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ५ बमोजिमको सामुदायिक पशु व्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) "संघीय मन्त्रालय" भन्नाले संघीय सरकारका मन्त्रालय सम्झनु पर्छ।

(ज) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ।

(झ) "कार्यालय" भन्नाले वीरेन्द्रनगर नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र विषयगत शाखा तथा वडा समितिको कार्यालय समेतलाइ बुझाउनेछ।

(ञ) "संघीय कार्यालय" भन्नाले संघीय सरकार अन्तर्गतका विषयगत कार्यालयलाइ बुझाउनेछ।

(ट) "प्रदेश कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतका विषयगत कार्यालयलाइ बुझाउनेछ।

(ठ) "संयोजक" भन्नाले दफा ५ बमोजिमको समितिको संयोजक सम्झनु पर्छ।

(ड) "संस्थागत क्षेत्र" भन्नाले दफा १५ बमोजिम योग्यता पुगेको क्षेत्र सम्झनु पर्छ।

(ढ) "सामुदायिक कार्य" भन्नाले सार्वजनिक क्षेत्रमा लाभ पुग्ने कार्य सम्झनु पर्छ।

(ण) "कार्यक्रम" भन्नाले सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापन सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(त) "आयआर्जन क्रियाकलाप" भन्नाले गौशाला तथा सरसफाइ ब्यवस्थापनको दिगोपना एवम् आत्मनिर्भरताको लागि सञ्चालन गरिने आयआर्जन क्रियाकलाप सम्झनु पर्छ।

(थ) "पूंजीगत अनुदान" भन्नाले सम्पत्ती सिर्जना हुने कार्यमा उपयोग हुने गरी शसर्त

वा निशर्त रुपमा प्राप्त वा उपलब्ध गराइने रकम सम्झनु पर्छ।

(द) "प्रशासनिक अनुदान" भन्नाले चालु वा सञ्चालन खर्चको कार्यमा उपयोग हुने गरी शसर्त वा निशर्त रुपमा प्राप्त वा उपलब्ध गराउने रकम सम्झनु पर्छ।

(ध) "सूचना प्रणाली" भन्नाले सामुदायिक पशुहरुको ट्र्यागिङ्ग गरी पहिचान सहितको तथ्याङ्कीय सूचना एवम् अभिलेख अद्यावधीक रुपमा राख्न प्रयोगमा ल्याइएको सूचना प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणालीको सफ्ट्वेयर एप्लीकेसनलाइ सम्झनु पर्छ।

(न) "संस्थागत पूँजी" भन्नाले कुनै पनि शेयर सदस्य वा सदस्य वा ब्यक्तिको हक नलाग्ने र बाँडफाँट गरी वितरण गर्न नमिल्ने तर प्रचलित कानून तथा यस कार्यविधि बमोजिम स्वीकृत कार्यक्रम अन्तर्गत सम्पत्ती सिर्जनाको लागि लगानी गर्न सकिने पूँजी सम्झनु पर्छ।

(ऩ) "शेयर पूँजी" भन्नाले सहकारी संस्था वा कम्पनीको सदस्यहरुबाट खरिद गरीएको र उनीहरुको हक लाग्ने एवम् नियमानुसार फिर्ता गर्नु पर्ने कुल पूँजी वा यसको अंश सम्झनु पर्छ।

(प) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनु पर्छ।

(फ) "कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कम्पनी सम्झनु पर्छ।

(ब) "कोष" भन्नाले दफा २१ बमोजिमको कोष सम्झनु पर्नेछ।

## परिच्छेद-२
## नीति तथा उद्देश्य

**३. नीतिः** पालिकाको अधिकार क्षेत्र, मार्गदर्शन एवम् प्रचलित कानून बमोजिम संस्थागत क्षेत्रसँगको साझेदारीमा सामुदायिक पशु तथा सरसफाइको व्यवस्थापन गर्दा निम्न नीति लिइनेछः-

(क) सहकार्य तथा समन्वयः सामुदयिक पशु तथा सरसफाइ व्यवस्थापन गर्न स्पष्ट कार्य र भूमिका सहित संस्थागत क्षेत्रसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

(ख) मितव्ययीताः सामुदयिक पशु तथा सरसफाइ व्यवस्थापन गर्न मितव्ययीता

कायम हुने गरी संस्थागत क्षेत्रसँग सहकार्य गरिनेछ ।

(ग) आत्मनिर्भरताः पालिकालाइ क्रमश आर्थिक व्ययभार कम हुदै आत्मनिर्भरता कायम हुने प्रकारको सञ्चालन तथा व्यवस्थापकीय प्रबन्ध अवलम्बन गरिनेछ ।

(घ) सामुदायिक अपनत्वः संस्थागत क्षेत्रमा धेरै व्यक्तिहरु आवद्ध भइ उनीहरुको लगानी तथा सहभागितामा समुदायको भूमिकालाई प्रभावकारी गराउने व्यवस्था अवलम्बन गरिनेछ ।

(ङ) जिम्मेवारी तथा उत्तरदायित्वः गौशाला व्यवस्थापनको विषयमा संस्थागत क्षेत्रलाइ जिम्मेवार र उत्तरदायि बनाइनेछ ।

४. **उद्देश्यः** सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापन गर्ने सम्बन्धमा देहायका उद्देश्य हुनेछनः-

(क) सरोकारवालाहरुसँग साझेदारी एवम् सहकार्य गरी सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापनको कार्य गर्ने ।

(ख) आपसी सम्झौतामा आधारित रहेर संस्थागत क्षेत्रसँग सहकार्य गरी गौशालालाइ व्यवसायिक एवम् आत्मनिर्भर बनाउने ।

(ग) सूचना प्रविधिमा आधारित प्रणालीमा गाइ गोरुहरुको पहिचान सहितको अभिलेख राखी सामुदायिक पशुहरुको संरक्षण, व्यवस्थापन गर्ने ।

(घ) सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्न समुदाय एवम् सरोकारवालाहरुलाइ सहजीकरण गर्ने ।

(ङ) संस्थागत क्षेत्रले सञ्चालन गरेको व्यवसायिक कार्यहरुमा पालिकाले समेत शेयर लगानी गर्न सक्ने ।

(च) सामुदायिक पशुको मल मुत्र तथा शहरी क्षेत्रको कुहिने फोहोरको प्रशोधन मार्फत जैविक मल तथा बायोग्यास उत्पादन र बिक्री वितरण गरी गौशालालाइ आत्मनिर्भर बनाउने ।

(छ) गाई गोरु संरक्षण तथा गाई गोरु को धार्मीक महत्व प्रर्वद्धनका कृयाकलाप तथा अभियान संचालन गर्ने ।

## परिच्छेद-३
## समिति सम्बन्धी व्यवस्था

**५. समितिः**

(१) सामुदायिक पशुको समुचित व्यवस्थापन गर्न देहाय बमोजिमको एक सामुदयिक पशु व्यवस्थापन समिति रहनेछः-

(क) उपप्रमुख - संयोजक

(ख) आर्थिक विकास समिति संयोजक - सदस्य

(ग) वातावरण, सरसफाइ तथा विपद व्यवस्थापन समिति संयोजक - सदस्य

(घ) नगर कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य एक जना - सदस्य

(ङ) योजना शाखा प्रमुख - सदस्य

(च) वातावरण तथा विपद ब्यवस्थापन शाखा प्रमुख - सदस्य

(छ) गौशाला रहेको क्षेत्रको धार्मिक वन समुह वा संघ संस्थाको अध्यक्ष-सदस्य

(ज) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

(२) पशु सेवा शाखाले समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

(३) गौशाला तथा सरसफाइ व्यवस्थापनको जिम्मेवारी प्राप्त गरेको संस्थागत क्षेत्र वा संघ संस्थाको प्रतिनिधि तथा विज्ञ एवम् कर्मचारीहरुलाइ समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ।

(४) संयोजकले सदस्य सचिवसँग समन्वय गरी तोकेको मिति, समय र स्थानमा समितिको बैंठक सञ्चालन हुनेछ।

(५) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ तर, दुई वटा बैंठक वीचको अवधि तीन महिना भन्दा बढी हुने छैन।

(६) समितिको बैंठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**६. समितिको काम, कर्तव्य र अधिकारः** सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापन गर्ने सम्बन्धमा समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नीतिगत मार्ग निर्देशन गर्ने।

(ख) योजना तथा कार्यक्रमहरु निर्धारण गर्ने।

(ग) समन्वय तथा सहकार्य सम्बन्धी कार्ययोजनाको खाका स्वीकृत गर्ने।

(घ) वातावरण संरक्षण, सम्वर्द्धन तथा सरसफाइ सम्बन्धी क्रियाकलाप तर्जुमा गर्ने।

(ङ) कानून तर्जुमाका लागि सिफारिस तथा सहजीकरण गर्ने।

(च) पालिकाको सामुदायिक पशु व्यवस्थापन सम्बन्धी कार्यमा असहयोग गरेमा वा पशु छाडा छोडेमा हुने जरिवाना निर्धारणको लागि सिफारिस गर्ने।

(छ) संस्थागत क्षेत्र छनौट तथा सम्झौता अवधि थप सम्बन्धी आधार तथा मापदण्ड निर्धारण गर्ने।

(ज) आवश्यक जग्गा जमिनको पहिचान र सिफारिस गर्ने।

(झ) संस्थागत क्षेत्र छनौट सम्बन्धी काम कारवाहीहरुको अनुगमन गर्ने।

७. **योजना शाखाको भूमिकाः** सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापन सम्बन्धमा योजना शाखाको भूमिका देहाय अनुसार हुनेछः-

(क) योजना तथा कार्यक्रम र बजेट तर्जुमामा समितिलाई सहयोग गर्ने।

(ख) योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ग) सिर्जनात्मक तथा नवप्रवर्तनका कार्यक्रमहरुको विकास गर्न आवश्यक समन्वय गर्ने।

८. **वातावरण तथा विपद व्यवस्थापन शाखाको भूमिकाः** सामुदायिक पशु तथा फोहरमैला सम्बन्धमा वातावरण तथा विपद व्यवस्थापन शाखाको भूमिका देहाय अनुसार हुनेछः-

(क) शहरलाई सामुदायिक पशु मुक्त बनाइ यसका कारणबाट हुने दुर्घटना रोक्न तथा शहरी सौन्दर्य कायम गर्न आवश्यक योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने।

(ख) कार्यक्रम तथा क्रियाकलाप बीचमा प्रभावकारी समन्वय कायम गर्ने गराउने।

(ग) सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने।

(घ) सिर्जनात्मक तथा नवप्रवर्तनात्मक कार्यक्रम तथा क्रियाकलापको तर्जुमा गर्ने।

९. **पशुसेवा शाखाको भूमिकाः** सामुदायिक पशु व्यवस्थापनको सम्बन्धमा पशु सेवा

शाखाको भूमिका देहाय अनुसार हुनेछः-

(क) सामुदायिक पशु संरक्षण, व्यवस्थापन सम्बन्धी योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गराउने।

(ख) रोगको रोकथाम तथा उपचार गर्ने।

(ग) सूचना प्रणालीको सफ्ट्वेयर निर्माण र सामुदायिक पशु अभिलेखको प्रयोगमा ल्याउने।

(घ) सामुदायिक पशुहरुको ट्यागिङ्ग गरी पहिचान सहितको तथ्याङ्क एवम् विवरण सहितको अभिलेख सूचना प्रणालीमा राख्ने।

(ङ) सूचना प्रणालीमा रहेको अभिलेख अनुसार सामुदायिक पशु व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु तर्जुमा गर्ने।

(च) गौशालामा रहेका सामुदायिक पशुहरुको शव व्यवस्थापन गर्ने स्थान पहिचान तथा अनुमति सम्बन्धी कार्यहरु गर्ने।

(छ) पारिस्थितिक प्रणालीमा सहयोग गर्न गिद्ध भोजन स्थान पहिचान तथा अनुमति सम्बन्धी कार्यहरु गर्ने।

(ज) सिर्जनात्मक कार्यक्रम तथा क्रियाकलापको तर्जुमा गर्ने।

(झ) सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने।

१०. **वडा समितिको भूमीका**ः सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापनको सम्बन्धमा वडा समितिको भूमिका देहाय अनुसार हुनेछः-

(क) वडा भित्रको सामुदायिक पशुहरुको पहिचान सहितको तथ्याङ्क एवम् विवरण सूचना प्रणालीमा प्रविष्टि गर्ने गराउने।

(ख) कार्यक्रम तथा क्रियाकलाप बीचमा प्रभावकारी समन्वय कायम गर्ने गराउने।

(ग)सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापन सम्बन्धी आवश्यक योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने।

(घ) सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापन सम्बन्धी नियम विपरितका कार्यमा निर्धारित जरिवाना असुल गर्ने गराउने।

(ङ) सडकलाइ सामुदायिक पशु मुक्त बनाइ यसका कारणबाट हुने दुर्घटना रोक्न तथा शहरी सौन्दर्य कायम गर्न आवश्यक योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने।

(च) सामुदायिक पशु व्यवस्थापनको कार्य गर्न जिम्मेवारी प्राप्त गरेको संस्थागत क्षेत्रसँग समन्वय, सहकार्य गर्ने गराउने ।

(छ) सिर्जनात्मक कार्यक्रम तथा क्रियाकलापको तर्जुमा गर्ने ।

(ज) संस्थागत क्षेत्रको कार्य तथा सञ्चालित योजना, कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने ।

११. **पालिकाको भूमीकाः** सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापन सम्बन्धमा नीतिगत निर्णय, योजना तथा बजेटको स्वीकृति एवम् प्रभावकारी कार्यान्वयनका लागि समन्वय, सहकार्य तथा अनुगमन, मूल्याङ्कन गर्ने गराउने हुनेछ ।

१२. **कार्यालयको भूमीकाः** सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापन सम्बन्धमा स्वीकृत नीति, योजना तथा बजेटको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्ने गराउने हुनेछ ।

## परिच्छेद-४

## गौशाला सञ्चालन तथा व्यवस्थापन

१३. **गौशाला सञ्चालन तथा व्यवस्थापन विधिः** दफा १७ बमोजिम छनौट भएको संस्थागत क्षेत्रबाट पालिका सँगको सम्झौता अनुसार गौशालाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

१४. **अन्य विधिः** दफा १७ अनुसार संस्थागत क्षेत्र छनौट हुन नसकेको अवस्थामा गौशालाको सञ्चालन तथा व्यवस्थापन गर्न देहायको मध्ये कुनै एक विधि अवलम्बन गर्न सकिनेछः-

(क) कार्यालयको निर्णय अनुसार पालिका अन्तर्गतको सम्बन्धित शाखाबाट जनशक्ति व्यवस्था गरी पालिका आफैले गौशालाको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ख) कार्यालयको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम उपयुक्त पक्ष परिचालन गर्ने ।

## परिच्छेद-५
## संस्थागत क्षेत्रको छनौट तथा सम्झौता

१५. **संस्थागत क्षेत्रको योग्यताः** गौशाला सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा समूह वा सहकारी वा कम्पनी वा गैरसरकारी संघसंस्थाको रुपमा प्रचलित कानून बमोजिम दर्ता भएका संस्थागत क्षेत्रको योग्यता देहाय बमोजिम हुनुपर्नेछः-

(क) स्वीकृत विधान वा प्रबन्ध पत्र वा विनियम वा नियमावलीमा गौशाला व्यवस्थापन सम्बन्धी उद्देश्य तथा कार्य रहेको।

(ख) कम्तिमा पालिका भित्र कार्यक्षेत्र रहेको।

(ग) पालिकाको क्षेत्र भित्र स्थायी बसोबास भएका कम्तिमा ५० जना भन्दा बढी शेयर सदस्य वा सदस्य रहेको।

(घ) व्यवसायिक कार्य गर्नको लागि शेयर पूंजी वा संस्थागत पूंजी रहेको।

(ङ) स्वीकृत विधान वा प्रबन्ध पत्र वा विनियम वा नियमावलीमा संस्थागत आत्मनिर्भरताको लागि कोष स्थापना गर्ने व्यवस्था रहेको।

(च) सहकारीको हकमा कृषि तथा पशुपालन सम्वन्धि कार्य गर्दै आएको र गौशाला तथा सरसफाइ सम्बन्धी उद्देश्य रहेको।

(छ) कालो सूचीमा नपरेको एवम् भ्रष्ट्राचार जन्य कसुरमा सजाए नपाएको स्वघोषणा गरेको।

१६. **संस्थागत क्षेत्रको काम, कर्तव्य र अधिकारः** गौशाला सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा संस्थागत क्षेत्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालयसँग भएको सम्झौता अनुसार गौशालाको सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ख) गौशाला तथा सरसफाइ सम्बन्धी योजना तथा कार्यक्रम र बजेट तर्जुमा गर्न कार्यालयलाई सहयोग गर्ने।

(ग)कार्यालयको नीति, निर्देशनलाइ नियमानुसार कार्यान्वयन गर्ने।

(घ) सिर्जनात्मक कार्यक्रम विकास गर्न आवश्यक समन्वय गर्ने।

(ङ) सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा छाडा, वेवारिसे तथा पशु धनीबाट प्राप्त गाई, गोरुहरुको संरक्षण एवं व्यवस्थापन गर्न गौशाला

सञ्चालन गर्ने ।

(च) आत्मनिर्भर एवम् दिगो रुपमा गौशालाको सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक रणनीति, योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

(छ) उद्देश्य तथा प्रकृति मिल्ने अन्य सामुदायिक संस्था तथा समुहसँग सहकार्य गरी गौशाला तथा सरसफाइ व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ज) भूसंरक्षण, जलाधार ब्यवस्थापन, जल पूनः भरण तथा हरियाली कायम गर्न ताल, तलैया, पोखरी एवम् चेक ड्याम एवम् वातावरण संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(झ) कार्यालयले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

१७. **संस्थागत क्षेत्र छनौट र सम्झौंताः** गौशाला सञ्चालन तथा व्यवस्थापनको जिम्मा लिने संस्थागत क्षेत्रको छनौट गर्दा देहायको प्रक्रिया पुरा गर्नु पर्नेछः-

(१) यो कार्यबिधि तथा प्रचलित कानून बमोजिमका विषयहरु खुलाइ स्थानीय सञ्चार माध्यममा कम्तिमा पन्द्र दिनको म्याद दिइ अनुसूची -१ बमोजिम संस्थागत क्षेत्र छनौटका लागि प्रस्ताव पेश गर्न कार्यालयले सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) सूचना अनुसार योग्यता तथा आधार पुरा भएका संस्थागत क्षेत्रले अनुसूची - २ अनुसारको प्रस्ताव कार्यालयमा दर्ता गराउनु पर्नेछ र प्राप्त प्रस्तावहरु सचिवालय शाखाले अभिलेख राखि मूल्याङ्कनका लागि समितिमा पठाउनु पर्नेछ ।

(३) समितिले संस्थागत क्षेत्र छनौटको लागि प्राप्त प्रस्तावहरु अनुसूची - ३ बमोजिम मूल्याङ्कन गरी बैकल्पिक प्रस्ताव समेत कार्यपालिका समक्ष सिफारिस गर्नु पर्नेछ ।

(४) समितिलाइ प्रस्तावहरु मूल्याङ्कन गर्न सहयोग पुऱ्याउन देहायको प्राविधिक उपसमिति हुनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत - संयोजक

(ख) पशु सेवा शाखा प्रमुख - सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य

(घ) पूर्वाधार शाखाको प्राविधिक (इन्जीनियर) - सदस्य

(ङ) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख - सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(५) उपदफा (३) बमोजिम सिफारिस भएको संस्थागत क्षेत्र कार्यपालिकाबाट छनौट गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम छनौट भएको संस्थागत क्षेत्रलाइ सात दिन भित्र सम्झौता गर्न आउन कार्यालयको सूचना पाटी वा वेबसाइट मार्फत सार्वजनिकीकरण गरी जानकारी दिनु पर्नेछ।

(७) उपदफा (५) बमोजिम छनौट भएको संस्थागत क्षेत्र सँग कार्यलयले अनुसूची - ४ बमोजिम सम्झौता गर्नेछ।

(८) उपदफा (७) बमोजिम सम्झौता गर्ने संस्थागत क्षेत्रले अनुसूची - ५ बमोजिम कबुलियतना वा प्रतिवद्धता गर्नु पर्नेछ।

(९) उपदफा (५) बमोजिमको छनौट भएको संस्थागत क्षेत्र सात दिन भित्र सम्झौता गर्न नआएमा सम्झौता गर्ने अवधि सकिएको सात दिन भित्र वैकल्पिक संस्थागत क्षेत्रलाइ कार्यालयले छनौट गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम छनौट भएको संस्थागत क्षेत्रसँग कार्यालयले अनुसूची - ४ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(११) कुनै पनि संस्थागत क्षेत्रसँग सम्झौता हुन नसकेमा यसै दफा बमोजिमको प्रकृया पूनः पुरा गरी सार्वजनिक क्षेत्र छनौट गर्नु पर्नेछ।

(१२) तेश्रो पटक सम्मको सूचनामा पनि कुनै सार्वजनिक क्षेत्रसँग सम्झौता हुन नसकेमा दफा १४ अनुसार गौशाला सञ्चालन गरिनेछ।

**१८. स्वामीत्व फरक भएको अवस्थाः** गौशाला रहेको जमिन पालिकाको स्वामित्वमा नभएको हकमा देहाय अनुसार हुनेछः-

(क) उक्त जमिनको स्वामित्व भएको वा जमिन प्रयोग गर्ने जिम्मा पाएको पक्षको स्वीकृत कार्ययोजना अनुसारको क्षेत्रमा यस कार्यविधि बमोजिम कार्यपालिकाको निर्णय अनुसार गौशाला सञ्चालन गर्न बाधा पर्ने छैन।

(ख) पालिकाबाट लगानी भएको सम्पत्ती र सामुदायिक पशु व्यवस्थापनको क्षेत्रमा पालिकाको दायित्व भएको विषयहरुमा पालिकाले सम्झौंता गर्नेछ।

**१९. सम्झौंता अवधि र अवधि थपः**

(१) दफा १७ बमोजिम छनौट भएको संस्थागत क्षेत्र र कार्यालय वीच हुने सम्झौंताको अवधि न्युनतम सात वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौताको अवधी सकिनु भन्दा कम्तीमा तिन महिना अगाडी सम्झौता अवधि पूनः थप गर्नको लागि संस्थागत क्षेत्रले कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि कार्यालयले प्रचलित कानून तथा सम्झौता शर्तहरु पालना भए नभएको लगायतका सूचकहरुको आधारमा थप गर्नु पर्ने सम्झौता अवधि समेत खुलाइ समितिमा सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको सिफारिस अध्ययन गरी समितिले सम्झौता अवधि थप सम्बन्धी राय सहित कार्यापालिकामा सिफारिस गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम भएको सिफारिस अनुसार कार्यपालिकाले पूनः सोही संस्थागत क्षेत्र सँग न्यूनतम् पाँच वर्ष सम्झौता अवधि थप गर्नु पर्नेछ ।

(६) माथि जुनसुकै कुरा लेखिएको भएता पनि साविकको संस्थागत क्षेत्रले गौशाला व्यवस्थापनमा कुनै गुनासो नआउने गरी उत्कृष्ठ कार्य गरेको अवस्थामा कार्यालयको सिफारिसमा कार्यपालिकाले सोझै पाँच वर्षको लागि म्याद थप गर्न सक्नेछ ।

(७) उपदफा (६) अनुसार एक पटकको लागि सोझै थप भएको सम्झौता अवधी सकिए पछि संस्थागत क्षेत्र छनौट गर्न पूनः दफा १७ को प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(८) उपदफा (५) र (६) बमोजिम निर्णय भएको अवस्थामा कार्यालयले अनुसूची - ४ बमोजिम पूनः सम्झौता गर्नु पर्नेछ ।

**२०. सम्झौताको अन्त्यः**

(१) पशु सेवा शाखा वा कार्यालय वा समितिले गरेको अनुगमन तथा मूल्याङ्कनमा देहायको अवस्था देखिएमा कार्यालय र संस्थागत क्षेत्र वीचको

सम्झौता अन्त हुन सक्नेछः-

(क) प्रचलित कानून विपरितका कार्य गरेमा।

(ख) कार्यालयसँग भएको सम्झौता विपरित कार्य गरेमा।

(ग) अधिकारको दुरुपयोग तथा भ्रष्ट्राचारजन्य कार्य गरेमा।

(घ) संस्थागत क्षेत्रले खटाएको कर्मचारीलाई मात्र गौशालाको काममा लगाइ संस्थागत क्षेत्रको सञ्चालक निस्कृय भएमा।

(ङ) संस्थागत क्षेत्रले आफुलाइ तोकिएको जिम्मेवारी निर्वाह गर्न नसक्ने विषय लिखित रुपमा कार्यालयलाइ पत्र मार्फत जानकारी गराएमा।

(च) कार्यालयबाट गौशाला व्यवस्थापन सम्बन्धमा दिएको निर्देशन अनुसार कार्य नगरेमा।

(२) उपदफा (१) अनुसारको अवस्था देखिएमा कार्यालयले सात दिनको फरकमा कम्तिमा तीन पटक सम्म चेतावनी वा स्पष्टिकरण पत्र कार्यालयको सूचना पाटी वा वेवसाइटबाट सार्वजनिक गरी संस्थागत क्षेत्रलाइ जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको विषयमा संस्थागत क्षेत्रले दिएको स्पष्टिकरण चित्त नबुझेमा सम्झौता भङ्ग गर्नको लागि कार्यालयले समितिमा सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (३) अनुसार प्राप्त सिफारिसमा छलफल गरी समितिले कार्यपालिका समक्ष सम्झौता भङ्गको लागि सिफारिस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त सिफारिस अध्ययन गरी सिफारिस प्राप्त भएको मितिले तीस दिन भित्र कार्यपालिकाले सम्झौता भङ्ग गर्नु पर्नेछ।

(६) उपदफा (५) अनुसार सम्झौता भङ्ग भएको पत्र कार्यालयले आफ्नो सूचना पाटी वा वेवसाइटबाट सार्वजनिक गरी संस्थागत क्षेत्रलाइ जानकारी गराउनु पर्नेछ।

(७) यस दफा बमोजिमका विषयहरुमा संस्थागत क्षेत्रले कानूनी उपचार लिन सक्नेछ।

## परिच्छेद-६

## कोष स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

२१. **कोष**: गौशाला तथा सरसफाइ व्यवस्थापनका लागि कार्यसञ्चालन र अक्षयकोष गरी दुईवटा छुट्टा छुट्टै कोष हुनेछ ।

२२. **कार्य सञ्चालन कोष**:

(१) कार्य सञ्चालन कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह बाट प्राप्त हुने रकम,

(ख) कुनै विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने रकम,

(ग) दफा २३ को उपदफा (५) बमोजिमको अक्षय कोषबाट प्राप्त हुने ब्याजको नब्बे प्रतिशत बापतको रकम,

(घ) कुनै दाता व्यक्ती वा संस्था वा निकायबाट प्राप्त हुने रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(२) अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट सहयोग प्राप्त गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) कोषको रकम "क" बर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) कोषको खाता सञ्चालन संस्थागत क्षेत्रको अध्यक्ष, कोषाध्यक्ष र व्यवस्थापकको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) कोषको रकम वार्षिक स्वीकृत कार्यक्रम अनुसार गौशाला तथा सरसफाइ व्यवस्थापनमा सहयोग पुग्ने सञ्चालन तथा पूँजीगत शिर्षकमा खर्च गर्नु पर्नेछ ।

(६) कोषको आन्तरिक लेखा परिक्षण प्रत्येक चार महिनामा कार्यालयबाट हुनेछ ।

२३. **अक्षय कोष**:

(१) गौशाला तथा सरसफाइको कार्यमा दिगो आत्मनिर्भरताको लागि गौशालाको नाममा एक अक्षयकोष स्थापना र सञ्चालन हुनेछ ।

(२) अक्षय कोषमा जम्मा हुने रकम संकलनको लागि प्रयोग हुने नगदी रसिद कार्यालयबाट प्रमाणीत भएको हुनु पर्नेछ र सो को अभिलेख कार्यालय तथा संस्थागत क्षेत्रले राख्नु पर्नेछ।

(३) अक्षयकोषमा देहाय बमोजिमका श्रोतबाट रकम जम्मा हुनेछ:-

(क) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह बाट प्राप्त हुने रकम,

(ख) कुनै विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने रकम,

(ग) कुनै दाता व्यक्ती वा संस्था वा निकायबाट प्राप्त हुने रकम,

(घ) संस्थागत क्षेत्रले कुनै कार्यक्रम वा कृयाकलाप सञ्चालन गरी जम्मा गर्ने रकम,

(ङ) अक्षय कोष वृद्धिका अभियानवाट आर्जित रकम अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(४) अक्षय कोषको रकम कार्यालयको सिफारिस पत्र अनुसार "क" बर्गको वाणिज्य बैंकमा गौशाला अक्षय कोषको नाममा मुद्दती खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) अक्षय कोषको मूल रकम खर्च वा कुनै कारणबाट घटाउन पाइने छैन।

(६) अक्षयकोषबाट प्राप्त ब्याज आम्दानीको दश प्रतिशत पूनः अक्षय कोषमा जम्मा गर्नु पर्नेछ।

(७) अक्षयकोषबाट प्राप्त ब्याज आम्दानीको नब्बे प्रतिशत रकम दफा २२ उपदफा १ (ग) बमोजिम कार्यसञ्चालन कोषमा जम्मा गर्नु पर्नेछ।

(८) संस्थागत क्षेत्रको अध्यक्ष, कोषाध्यक्ष र पालिकाको प्रमुख प्रशासकिय अधिकृतवाट तोकीएको अधिकृत सहित तीन जनाको संयुक्त दस्तखतबाट अक्षयकोषको खाता सञ्चालन हुनेछ।

(९) गौशाला सञ्चालन गर्ने संस्थागत क्षेत्र वा सो को संचालक समिति परिवर्तन भएको अवस्थामा साविक खाता संचालकले नयाँ खाता संचालकलाइ कार्यालयको निर्देशन पत्र अनुसार खाता हस्तान्तरण गर्नु पर्नेछ।

(१०) अक्षय कोषको खातामा भएको रकम कार्यालयको निर्णय अनुसार कार्यालयको सिफारिस पत्र बाहेक बैंकबाट निकाल्न वा खाता संचालक

परिवर्तन गर्न पाइने छैन ।

(११) अक्षय कोषको संरक्षण गर्नु कार्यालय तथा संस्थागत क्षेत्रको जिम्मेवारी र दायित्व हुनेछ ।

२४. **लेखाङ्कनः** कार्य सञ्चालन र अक्षयकोषमा हुने आम्दानी र खर्चको हिसाब महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिनेछ ।

२५. **लेखापरीक्षण**: कोषको आम्दानी तथा खर्च र कारोबारको आन्तरिक लेखा परिक्षण पालिकाको आर्थिक प्रशासन शाखा र अन्तिम लेखापरीक्षण पालिकाको आन्तरिक लेखापरीक्षकबाट हुनेछ र सो प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-६
## विविध

२६. **सामुदायिक पशुको अभिलेख राख्नेः**

(१) कार्यालयले पालिका भित्रको सामुदायिक पशु सम्बन्धी विवरणको अभिलेख पालिका र वडा स्तरमा राख्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख राख्नको लागि सूचना प्रविधिको उपयोग गरी सफ्टवेयर एप्लीकेशन प्रयोग गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको अभिलेखमा सामुदायिक पशुको मालिक, ठेगाना अनुसार प्रत्येक गाइ गोरुको ट्याग नम्वर लगायतको आवश्यक विवरण हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको अभिलेखमा पालिका भित्रको प्रत्येक घर परिवारगत रुपमा गाइ गोरुको जन्म, मृत्यु र जिवित लगायतको विवरण रहनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको अभिलेख राख्ने कार्यमा वडा समितिको कार्यालयले मुख्य भूमिका निर्वाह गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिमको विषयमा कार्यलय तथा वडा समितिले नियमित अनुगमन गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम अभिलेख दर्ता गर्ने पशु धनीलाइ पालिकाले कुनै प्रोत्साहन कार्यक्रममा समावेश गराउन सक्कनेछ।

२७. **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः** गौशाला व्यवस्थापन सम्बन्धमा अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ।

(१)सचिवालय रहेको शाखा, कार्यालय र समितिले कुनै पनि समयमा गौशालाको अनुगमन, मूल्याङ्कन गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिमको कार्यमा माग भए अनुसारको कागजात प्रमाण उपलब्ध गराउने साथै आवश्यक सहयोग गर्ने दायित्व संस्थागत क्षेत्रको हुनेछ ।

(३)संस्थागत क्षेत्रले प्रत्येक आर्थिक वर्षको पहिलो तीन महिना भित्र सम्झौता अनुसार वार्षिक प्रगति प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ।

(४)कार्यालयले गौशाला संचालन तथा व्यवस्थापन सम्बन्धी प्रतिवेदन बढीमा प्रत्येक छ महिना अवधिको फरकमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(५)यस दफा बमोजिमको सबै प्रकारका प्रतिवेदन सचिवालय रहेको शाखाले अभिलेख राख्नु पर्नेछ।

२८. **सामुदायिक पशुको अन्य व्यवस्थापनः**

(१) पालिकाले सञ्चालन गरेको गौशालाको क्षमता भन्दा धेरै संख्यामा सामुदायिक पशुहरु पालिका क्षेत्रमा आइ कृषि वाली, यातायात तथा शहरी व्यवस्थामा गम्भिर असरहरु पर्न सक्ने अवस्था सिर्जना हुन गएमा समितिले निर्णय गरी अन्य जिल्ला वा पालिका वा क्षेत्रमा सामुदायिक पशुहरु पठाउन सक्नेछ।

(२) उपदफा (१) अनुसार निर्णय भएमा सामुदायिक पशु जिल्ला बाहिर लैजाने विषयमा आवश्यक पत्र कार्यालयले उपलब्ध गराउन सक्नेछ।

(३) अन्य पालिकाका तथा किसानहरुले यस पालिका क्षेत्रमा सामुदायिक पशु पठाई वा छोडी पालिका भित्र समस्या भएको विषय दफा ५ बमोजिमको समितिले ठहर गरेमा सो को ब्यवस्थापनका लागि सम्वन्धित पालिकालाई

जानकारी गराउने र जानकारी गराइएको पालिकाले वेवास्ता गरेमा आवश्यक कार्वाहीका लागि जिल्ला समन्वय समितिको कार्यालय र प्रदेश सरकार समक्ष समितिले अनुरोध गर्नेछ।

**२९. अन्य निकाय सम्बन्धीः**

(१) सामुदायिक पशु व्यवस्थापनको लागि आवश्यक सहयोग, समन्वय तथा सहकार्यको लागि कार्यालयले संघिय वा प्रदेश मन्त्रालय वा कार्यालयलाइ अनुरोध वा सम्पर्क गर्न वा प्रस्ताव पेश गर्न सक्नेछ।

(२) सामुदायिक पशु व्यवस्थापनको लागि संघिय वा प्रदेश मन्त्रालय वा कार्यालयले पालिकालाइ सहयोग गर्न सक्नेछ।

**३०. टोल विकास संस्था र वडाको परिचालनः** सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापनको कार्यमा टोल विकास संस्था र वडा समितिलाई आवश्यकतानुसार परिचालन गरिनेछ।

**३१. जरिवाना सम्बन्धी व्यवस्थाः**

(१) कुनै पनि व्यक्तिले पशु छाडा छोड्न तथा सामुदायिक पशु व्यवस्थापनमा असहयोग गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने व्यक्तिलाई समितिको सिफारिसमा पालिकाले निर्धारण गरे बमोजिमको जरिवाना गरिनेछ।

(३) जरिवाना असुल गर्नको लागि प्रयोग गरिने रसिद कार्यालयले प्रमाणीत गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको रसिद बमोजिमको हिसावको अभिलेख कार्यालयले राख्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिमको जरिवाना असुल गर्ने कार्यमा देहायका संस्था वा निकाय वा पक्षलाइ कार्यालयले कार्यआदेश र आवश्यक अधिकारपत्र सहित जिम्मेवारी प्रदान गर्न सकिनेछ।

(क) टोल विकास संस्था,

(ख) गौशाला ब्यवस्थापनको जिम्मा लिएको संस्थागत क्षेत्र,

(ग) वडा कार्यालय,

(घ) गैह्र सरकारी संघ संस्था, क्लव,

(ङ) सहकारी संस्था।

(६) उपदफा (५) बमोजिमको अधिकार पत्र र जिम्मेवारी कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

(७) उपदफा (५) बमोजिमको कार्यादेश र आवश्यक अधिकार पत्र प्राप्त गर्न उपदफा (५) बमोजिमका संस्था वा निकाय वा पक्षले कार्यालयमा निवेदन दिनु पर्नेछ।

(८) उपदफा (६) बमोजिम प्राप्त निवेदन मध्येबाट सबै वा आंशिक निवेदकलाइ कार्यालयले छनौट गरी कार्य आदेश र आवश्यक अधिकार पत्र प्रदान गर्नेछ।

(९) उपदफा (७) बमोजिम जरिवाना असुल गर्न अधिकार प्राप्त गरेको संस्था वा निकाय वा पक्षले कार्यालयबाट प्राप्त प्रमाणीत रसिद प्रयोग गरी जरिवाना असुल गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम जरिवाना असुल गरिएको रकमको चालीस प्रतिशत रकम कार्यालयले जरिवाना असुल गर्ने संस्था वा निकाय वा पक्षलाइ प्रोत्साहन स्वरुप प्रदान गर्नु पर्नेछ र बाँकी साठी प्रतिशत रकम कार्यालयको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

(११) कार्यालय आफैले जरिवाना असुल गरेको अवस्थामा जरिवानाको सबै रकम कार्यालयको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

(१२) जरिवाना रकम असुल गरिएको मितिले सात दिन भित्र राजश्व खातामा जम्मा गरिसक्नु पर्नेछ।

(१३) उपदफा (९) बमोजिम प्रोत्साहन रकम प्राप्त गर्ने संस्था वा निकाय वा पक्षले उक्त रकम आफ्नो कार्य संचालन खातामा जम्मा गर्नु पर्नेछ।

(१४) जरिवाना असुल गर्ने अधिकार प्राप्त गरेको संस्था वा निकाय वा पक्षले सो को लेखा अभिलेख राखी कार्यालयको आर्थिक प्रशासन शाखाबाट चौमासिक रुपमा लेखा परिक्षण गराइ प्राप्त हुने प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ।

**३२. गौशाला सम्बन्धी थप कार्यहरुः**

(१) कार्यालय वा संस्थागत क्षेत्रले गौशालालाई आत्मनिर्भर बनाउन गोबर तथा

मुत्र, शहरी क्षेत्रको कुहिने फोहोर, दुध, नश्ल सुधार आदिमा आधारित उत्पादन, प्रशोधन तथा बिक्री वितरण लगायतका कार्यहरु र गौशालाको अक्षय कोष वृद्धिका लागि अभियान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण, सीप तथा प्रविधिको हस्तान्तरण तथा उपलब्धताका लागि पालिकाले सहयोग तथा सहजीकरण गर्नेछ।

(३) गौशालामा रहेका सामुदायिक पशुहरुको स्वास्थ्य अवस्था, पोषण तथा आहाराको मापदण्ड सचिवालय शाखाले निर्धारण गरी नियमित अनुगमन गर्नु पर्नेछ।

(४) गौशालामा रहेका सामुदायिक पशुको नश्ल सुधार गरी संस्थागत क्षेत्रले समुदायमा विक्री वितरण गर्न सक्नेछ।

(५) गौशालामा पशु धनीको गाइ गोरुहरुलाइ निश्चित शुल्क लिइ संस्थागत क्षेत्रले बोर्डस सेवा सञ्चालन गर्न सक्नेछ।

(६) यस दफा बमोजिमको विषयहरुमा सचिवालय शाखाले मापदण्ड तथा कार्यविधि निर्धारण र सो को अनुगमन गर्नेछ।

**३३. पालिकाको दायित्व हुने:** गौशाला आत्मनिर्भर नभए सम्मका लागि सामुदायिक पशु व्यवस्थापनको न्यूनतम सञ्चालन खर्चमा पालिकाको सहकार्य गर्न सक्ने छ तर दफा १४ बमोजिम संचालन गर्नु पर्ने अवस्था आएमा भने सम्पूर्ण आम्दानी खर्चको दायित्व पालिकाको हुने छ।

**३४. दान, दातव्य:**

(१) गौशालाका लागि स्वेच्छिक रुपमा प्राप्त दान दातव्य कार्यालय वा संस्थागत क्षेत्रले स्वीकार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको दान, दातव्य दान पेटीका वा बैङ्क खाता वा स्वयं उपस्थित भई वा अन्य कुनै उपयुक्त माध्यमबाट प्राप्त हुने व्यवस्था कार्यालय वा संस्थागत क्षेत्रले गर्नेछ।

(३) गौशाला व्यवस्थापनका लागि आवश्यक पर्ने रकम सङ्कलन गर्न कार्यालय वा संस्थागत क्षेत्रले कुनै धार्मिक यज्ञ वा अनुष्ठान जस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) यस दफा वमोजिम प्राप्त हुने रकम कार्यालयको निर्णय अनुसार कोषको खाताहरुमा जम्मा गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमको दान, दातब्य प्राप्त भए पछि सो वापत कार्यालयले प्रमाणीत गरेको रसिद दान दातव्य रकम प्रदान गर्ने पक्षलाइ उपलब्ध गराउनु पर्नेछ तर

(६) यस दफा बमोजिम दाता पक्ष पहिचान नभएको वा दान पेटीकामा रकम जम्मा भएको हकमा संचालक पदाधिकारी मध्येबाट तीन जना, कार्यालयको प्रतिनिधि एक जना र व्यवस्थापक कर्मचारीको रोहवरमा मुचुल्का खडा गरी प्राप्त रकम गन्ती गरी रसिद जारी गर्नु पर्नेछ ।

(७) दान, दातव्य रकमको रसिद बमोजिमको विवरण त्रैमासिक रुपमा कार्यालय वा संस्थागत क्षेत्रले वेबसाइट लागयतका सञ्चारका माध्यमबाट सार्वजनिकीकरण गर्नु पर्नेछ ।

**३५. स्वयंसेवक परिचालनः** गौशाला तथा सरसफाइ व्यवस्थापन लगायत सामुदायिक कार्यमा देहाय अनुसार स्वयं सेवक परिचालन गर्न सकिनेछ ।

(१) कार्यालय वा संस्थागत क्षेत्रले गौशाला तथा सरसफाइको कार्यमा सहजीकरण, समन्वय, सहकार्य तथा सहयोग गर्न स्वयंसेवक परिचालन गर्न सकिनेछ ।

(२) स्वयंसेवक छनौट, परिचालन तथा सेवा सुविधा सम्बन्धी विषय कार्यालयको सिफारिसमा समितिले निर्धारण गरे अनुसार हुनेछ ।

**३६. अनुसूचीमा हेरफेर गर्न सक्नेः** कार्यालयले आवश्यकतानुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

**३७. बाधा अडकाउ फुकाउनेः** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा बाधा अड्काउ उत्पन्न भएमा कार्यालयले दफा १५ र २१ बाहेकका विषयमा बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची-१

### (दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

### गौशाला सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

वीरेन्द्रनगर नगरपालिका भित्र सामुदायिक पशु (वेवारिसे रुपमा छाडीएका गाई गोरु) को समुचित व्यवस्थापन गरी वीरेन्द्रनगरलाई सफा, स्वच्छ, सुन्दर र सुरक्षित शहर बनाउन एवम् पशु अधिकारको संरक्षण गर्न नगरपालिकाको वडा नं. …… …. , ….. …. मा रहेको गौशालाको सञ्चालन तथा व्यवस्थापन संस्थागत क्षेत्रगत मार्फत गरिने भएकोले इच्छुक प्रचलित कानून बमोजिम समूह वा सहकारी वा कम्पनी वा गैरसरकारी संघ संस्थाको रुपमा दर्ता भइ देहायको योग्यता पुगेका संस्थागत क्षेत्रले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल अनुसार तोकिएको ढाँचामा प्रस्ताव सहित तपसिलका कागजात साथै राखी यस कार्यालयको पशु सेवा शाखामा पेश गर्नुहुन सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९को दफा १७ को उपदफा (१) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**(क) योग्यताः**

(१) समूह वा सहकारी वा कम्पनी वा गैरसरकारी संघसंस्थाको रुपमा प्रचलित कानून बमोजिम दर्ता भइ निम्न अनुसार योग्यता भएको।

(क) स्वीकृत विधान वा प्रबन्ध पत्र वा विनियम वा नियमावलीमा गौशाला व्यवस्थापन सम्बन्धी उद्देश्य तथा कार्य रहेको।

(ख) कम्तिमा पालिका भित्र कार्यक्षेत्र रहेको।

(ग) पालिकाको क्षेत्र भित्र स्थायी बसोबास भएका कम्तिमा ५० जना भन्दा बढी शेयर सदस्य वा सदस्य रहेको।

(घ) व्यवसायिक कार्य गर्नको लागि शेयर पूंजी वा संस्थागत पूंजी रहेको।

(ङ) स्वीकृत विधान वा प्रबन्ध पत्र वा विनियम वा नियमावलीमा

संस्थागत आत्मनिर्भरताको लागि कोष स्थापना गर्ने व्यवस्था रहेको।

(च) सहकारीको हकमा कृषि तथा पशुपालन सम्वन्धि कार्य गर्दे आएको र गौशाला तथा सरसफाइ सम्बन्धी उद्देश्य रहेको।

(छ) कालो सूचीमा नपरेको एवम् भ्रष्ट्राचार जन्य कसुरमा सजाए नपाएको स्वघोषणा गरेको।

**(ख) तपसिलः** आवश्यक कागजातहरु।

(१) प्रस्तावक वा आवेदकको निवेदन वा पत्र,

(२) अनुसूची-२ बमोजिमको ढाँचाको प्रस्ताव,

(३) दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(४) दर्ता अद्यावधिक नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि र सहकारी संस्थाको हकमा साधारण सभा सम्पन्न गरेको निर्णयको प्रतिलिपि,

(५) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(६) प्रस्ताव पेश गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि,

(७) लेखापरीक्षण प्रतिवेदन,

(८) प्रस्ताव अनुसार योग्य भएको खुल्ने अन्य कागजातहरु

(ख) **प्रस्ताव छनौटको आधारहरु तथा विधिः** सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम छनौट गरिनेछ।

थप जानकारीका लागि सम्बन्धित कार्यालयको सम्पर्क फोन नम्बरहरु .... .... ..... ..... .....

## अनुसूची-२

### (दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

### गौशाला सञ्चालन सम्बन्धी प्रस्तावको ढाँचा

१. **प्रस्ताव पेश गर्ने पक्षको**

(क) नामः

(ख) ठेगानाः

(ग) सम्पर्क नं. र इमेल ठेगानाः

२. प्रस्तावकको संक्षिप्त परिचयः

३. प्रस्तावकको स्वीकृत विधान वा प्रबन्ध पत्र वा विनियम वा नियमावलीमा उल्लेखित उद्देश्य तथा कार्य सम्बन्धी विवरणः

४. प्रस्तावकको स्वीकृत कार्यक्षेत्र र संचालक समितिका पदाधिकारीको संक्षिप्त विवरणः

५. प्रश्तावकको पालिकाको क्षेत्र भित्र स्थायी बसोबास भएका शेयर सदस्य वा सदस्य संख्या विवरणः

६. व्यवसायिक कार्य गर्नको लागि शेयर पूंजी वा संस्थागत पूंजीको अवस्था सम्बन्धी विवरणः

७. स्वीकृत विधान वा प्रबन्ध पत्र वा विनियम वा नियमावलीमा संस्थागत आत्मनिर्भरताको लागि कोष स्थापना सम्बन्धमा रहेको व्यवस्था सम्बन्धी विवरण र प्रमाणः

८. प्रस्तावक पक्षले बचत तथा ऋणको कार्य गरे वा नगरेको विवरणः

९. सहकारीको हकमा गौशाला तथा सरसफाइ सम्बन्धी उदेश्य भएको विवरणः

१०. गौशाला व्यवस्थापनको कार्यमा अन्य संघ संस्था सँग सामुदायिक एवम् सार्वजनिक लाभको क्षेत्रमा सहकार्य गर्ने नीति लिइ सम्झौता गरेको विवरणः

११. कालो सूचीमा नपरेको एवम् भ्रष्ट्राचार जन्य कसुरमा सजाए नपाएको स्वघोषणा पत्रः

१२. गौशाला सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अवधारणा पत्रः

१३. गौशाला सञ्चालनको लागि प्रस्तावित विधिः

१४. जनशक्ति तथा संरचनाः

१५. गौशाला सञ्चालन अवधि तथा कार्ययोजनाः

१६. गौशाला सञ्चालनका लागि आवश्यक पर्ने लागत र लागत बेहोर्ने स्रोतको योजना सम्बन्धी विवरणः

१७. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विवरणः

१८. गौशाला सञ्चालनको नवप्रवर्द्धनात्मक तथा सिर्जनाशिल तरिकाः

१९. गौशाला व्यवस्थापनबाट आकंलन गरिएका मुख्य मुख्य उपलब्धी वा प्रतिफल सम्बन्धी विवरणः

**पेश गर्नेः**

नामः हस्ताक्षरः

पदः मितिः

# अनुसूची-३

## (दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

## गौशाला सञ्चालन प्रस्ताव मूल्याङ्कनका आधारहरु

गौशाला सञ्चालनको प्रस्ताव मूल्याङ्कनका आधारहरु देहाय बमोजिम रहेका छनः-

| क्र.सं. | प्रस्ताव ब्यहोरा विवरण | अधिकतम अङ्क | अंक दिने आधार |
|---|---|---|---|
| १ | संस्थाको संक्षिप्त परिचय | १ | संस्थाको परिचयबाट सार्वजनिक महत्वको क्षेत्रमा काम गर्ने देखिन्छ भने पुरा अंक दिने अन्यथा कम अंक। |
| २ | स्वीकृत विधान वा प्रबन्ध पत्र वा विनियम वा नियमावलीमा उल्लेखित उद्देश्य तथा कार्य | ५ | गौशाला, पशुपालन तथा सरसफाइ व्यवस्थापन सम्बन्धी उदेश्य तथा कार्य रहेको भए पुरा अंक दिने अन्यथा शुन्य। |
| ३ | प्रस्तावक संस्थाको स्वीकृत कार्यक्षेत्र | १ | वीरेन्द्रनगर न.पा. कार्यक्षेत्र भएको आधारमा पुरा अंक दिने अन्यथा शुन्य। |
| ४ | प्रश्तावक संस्थाको पालिकाको क्षेत्र भित्र स्थायी बसोबास भएका शेयर सदस्य वा सदस्यहरुको संख्या | ५ | ५० भन्दा कम भए शुन्य अंक, ५० सम्म भए २ अंक, ५० देखि माथी १०० सम्म ४ अंक, १०० देखि माथि भएमा पुरा अंक दिने। |
| ५ | गौशाला व्यवस्थापनबाट आकंलन गरिएका मुख्य मुख्य उपलब्धी वा प्रतिफल | ३ | प्रस्ताव गरिएको उपलब्धी आंकलन तथा प्रतिफलका विषय वास्तविक वा वस्तुगत भएको आधारमा क्रमशः अंक प्रदान गर्ने। |
| ६ | व्यवसायिक कार्य गर्नको लागि शेयर पूंजी वा | ५ | शेयर तथा संस्थागत पूंजी रहेको देखिन्छ भने पुरा अंक दिने अन्यथा |

| क्र.सं. | प्रस्ताव ब्यहोरा विवरण | अधिकतम अङ्क | अंक दिने आधार |
|---|---|---|---|
| | संस्थागत पूंजीको अवस्था सम्बन्धी विवरण | | शुन्य। |
| ७ | स्वीकृत विधान वा प्रबन्ध पत्र वा विनियम वा नियमावलीमा संस्थागत आत्मनिर्भरताको लागि कोष स्थापना सम्बन्धमा रहेको व्यवस्था सम्बन्धी विवरण र प्रमाण | ३ | यस प्रकारको व्यवस्था रहेको भए पुरा अंक दिने अन्यथा शुन्य। |
| ८ | प्रस्तावक पक्षले बचत तथा ऋणको कार्य गरे वा नगरेको विवरणः | ३ | बचत तथा ऋणको कार्य नगरी पशुपालन, गौशाला ब्यवस्थापन तथा फोहरमैला ब्यवस्थापन कार्य गरेकोको भए पुरा अंक वचत तथा ऋण का साथै उल्लेखित कार्य समेत गरेकोमा २ अंक अन्यथा वचत तथा ऋणको कार्य मात्र गरेको भए सुन्य अंक। |
| ९ | सहकारीको हकमा गौशाला, पशुपालन तथा सरसफाइ सम्बन्धी उदेश्य भएको विवरण | १ | सहकारीको हकमा गौशाला, पशुपालन तथा सरसफाइ सम्बन्धी उद्देश्य छ भने पुरा अंक नभए शुन्य। |
| १० | गौशाला व्यवस्थापन, पशुपालन को कार्यमा अन्य संघ संस्था सँग सामुदायिक एवम् सार्वजनिक लाभको क्षेत्रमा सहकार्य गर्ने नीति वा सम्झौता सम्बन्धी विवरण | २ | कुनै अन्य संघ संस्था सँग सहकार्य गरेको वा उक्त संघ संस्थाबाट भएको सिफारिस पत्र वा प्रमाण अध्ययन गरी उपयुक्तताको विश्लेषण गरी क्रमशः अंक प्रदान गर्ने । |
| ११ | कालो सूचीमा नपरेको एवम् भ्रष्ट्राचार जन्य | १ | स्वघोषणा पत्र संलग्न छ भने पुरा नत्र शुन्य। |

| क्र.सं. | प्रस्ताव ब्यहोरा विवरण | अधिकतम अङ्क | अंक दिने आधार |
|---|---|---|---|
| | कसुरमा सजाए नपाएको स्वघोषणा पत्र | | |
| १२ | गौशाला सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अवधारणा पत्र | २ | अवधारणा पत्र अध्ययन गर्दा प्रभावकारी देखिन्छ भने सोही आधारमा क्रमश अंक प्रदान गर्ने । |
| १३ | गौशाला सञ्चालनको लागि प्रस्तावित विधि | २ | पालिका लगायतका पक्षसँग सहकार्य गर्ने ठोस विधि प्रस्ताव गरेको भए पुरा अंक अन्यथा क्रमशः अंक दिने । |
| १४ | गौशाला सञ्चालनको कार्ययोजना | २ | ठोस एवम् प्रभावकारी कार्ययोजना भए पुरा अंक अन्यथा क्रमशः अंक दिने । |
| १५ | जनशक्ति तथा संरचना | २ | जनशक्ती र संरचना सम्बन्धी विवरण ठोस प्रकार भएको आधारमा क्रमशः अंक प्रदान गर्ने । |
| १६ | गौशाला सञ्चालनका लागि आवश्यक पर्ने लागत र लागत बेहोर्ने स्रोतको विवरण | २ | लागत व्यहोर्ने स्रोत प्राप्त गर्ने ठोस योजनाको अवस्थाको अध्ययनको आधारमा क्रमशः अंक दिने |
| १७ | अनुगमन तथा मूल्याङ्कन कार्ययोजनाः | २ | अनुगमन तथा मूल्याङ्कनको ठोस प्रस्तावको आधारमा क्रमश अंकभार दिने । |
| १८ | गौशाला व्यवस्थापनबाट आकंलन गरिएका मुख्य मुख्य उपलब्धी वा प्रतिफल सम्बन्धी विवरण | २ | प्रस्ताव गरिएको विषयमा आश्वस्त हुन सकिने अवस्थाको अध्ययन तथा विश्लेषण गरी क्रमश अंक दिने । |
| १९ | गौशाला सञ्चालनको नवप्रवर्द्धनात्मक तथा सिर्जनाशिल तरिका | ३ | सिर्जनशिलताको अवस्था एवम् ठोस आधारहरुको विश्लेषण गरी क्रमश अंक दिने । |
| २० | प्रस्तावक संस्थाको कार्यसमितिको अनुभव | ३ | व्यक्तीगत विवरण अध्ययन विश्लेषण गरी सोही आधारमा क्रमश अंक |

| क्र. सं. | प्रस्ताव ब्यहोरा विवरण | अधिकतम अङ्क | अंक दिने आधार |
|---|---|---|---|
| | तथा योगदान विश्लेषण। | | प्रदान गर्ने। |
| | **पुर्णाङ्क** | ५० | |
| | **प्राप्ताङ्क** | | |

**नोटः**

(१) सामुदायिक पशु व्यवस्थापन कार्यविधि २०७९ कार्यालयको वेवसाइटमा प्रकाशित गरी सार्वजनिक गरिएको हुनु पर्नेछ र सोही कार्यविधिका माध्यमबाट प्रस्तावकले प्रस्ताव मूल्यांकन आधारहरु बारे जानकारी हासिल गरेको हुनु पर्नेछ।

(२) मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिका प्रत्येक सदस्यले छुट्टा छुट्टै अङ्क प्रदान गरी त्यसको औषत लिई प्रत्येक प्रस्तावले प्राप्त गरेको अङ्क एकीन गर्नु पर्नेछ वा सबैको छलफलबाट एकिकृत रुपमा मूल्याङ्कन गरी मूल्याङ्कन फाराममा सबै मूल्याङ्कन कर्ताले दस्तखत गरेको हुनु पर्नेछ।

(३) प्रस्ताव पेश गर्ने मितिको अन्तिम मितिले १५ दिन भित्र मूल्याङ्कन गरी सक्नुपर्नेछ ।

(४) उल्लेखित आधार भन्दा फरक पक्षपात गरी स्वविवेक आधारमा अंक प्रदान गर्न पाइने छैन।

(५) अंक प्रदान गर्दा पक्षपात गरिएको ठहरेमा अख्तियारको दुरुपयोग गरेको मानिनेछ र सोही अनुसारको कारवाही प्रकृया अगाडी बढाइनेछ।

(६) पक्षपात गरेको ठहरिएमा कार्यपालिकाले तोके बमोजिम जरिवाना हुनेछ र उक्त मूल्याङ्कन अर्को उपयुक्त मूल्याङ्कनकर्ताबाट कार्यलयले गराउनेछ।

# अनुसूची-४

## (दफा १७ को उपदफा (७) सँग सम्बन्धित)

## गौशाला व्यवस्थापन सम्बन्धी संस्थागत क्षेत्र सँगको सम्झौता पत्र

...... ...... ...... ............ ......... ........ कार्यालय (यसपछि "पहिलो पक्ष" भनिएको) र .......... ........ जिल्ला .... ...... ....... ........ गा.पा. /न.पा. .......वडा नं. ...... ..... ..... .... मा कार्यालय सञ्चालनमा रहेको ..... ....... .... ....... .... ..... (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच देहायका सम्झौता शर्त बमोजिम हुने गरी गौशाला व्यवस्थापन तथा सञ्चालन गर्न सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम कार्य गर्न मञ्जुर भई मिति २० .... ....। ... .... । ... ... ... देखि प्रारम्भ हुने गरी यो सम्झौता गरिएको छ।

**दुबै पक्षको लागि साझा विषयहरु:**

१. सम्झौता अवधि सम्झौता भएको मितिले ..... .... ... ... वर्ष वर्षको हुनेछ र सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९ तथा प्रचलित कानून बमोजिम सम्झौता अवधि पूनः थप हुन सक्नेछ।

२. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद भएमा आपसी सहमतिमा समाधान गरिनेछ। सहमति हुन नसकेमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ। तर, दोश्रो पक्षले प्रचलित कानून बमोजिम कानूनी उपचार लिन सक्नेछ ।

३. न्युनतम वार्षिक एक पटक कार्यक्रमको कार्यान्वयन तथा उपलब्धि अवस्थाको प्रगति बिवरण प्रथम र दोश्रो पक्षले संयुक्त रुपमा उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

४. सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापनमा भूमिका निर्वाह गर्न समुदाय एवम् सरोकारवालाहरुलाइ सहजीकरण गर्नु पर्नेछ।

५. सम्झौतामा उल्लेख भएका विषयमा यसै वमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

**प्रथम पक्ष (पालिका) सँग सम्बन्धित विषयहरुः** प्रथम पक्षले निम्नानुसारको जिम्मेवारी तथा दायित्व निर्वाह गर्नु पर्नेछ ।

१. सामुदायिक पशुहरुलाइ ट्यागिङ्ग गरी पहिचान सहितको तथ्याङ्कीय सूचना एवम् अभिलेख राख्न सूचना प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणालीको सफ्ट्वेयर एप्लीकेसन प्रयोगमा ल्याउनु पर्नेछ र मालिक पहिचान नभएका सामुदायिक पशुहरुको हकमा पालिकाले विशेष स्वामित्व बहन गरी संरक्षण व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गर्ने।

२. सामुदयिक पशु तथा सरसफाइ व्यवस्थापनको लागि स्पष्ट कार्यक्षेत्रगत शर्त र भूमिका निर्धारण गरी सोही आधारमा संस्थागत क्षेत्र तथा सम्बन्धित पक्षहरुसँग समन्वय तथा सहकार्य गर्ने।

३. सरोकारवालाहरु मार्फत साझेदारी एवम् सहकार्य गरी सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापनको कार्य गर्न नेतृत्वदायि एवम् अविभावकिय भूमिका निर्वाह गर्ने।

४. संस्थागत क्षेत्र सँग सहकार्य गरी गौशालालाइ व्यवसायिक एवम् आत्मनिर्भर बनाउन आवश्यक भूमिका निर्वाह गर्ने।

५. गौशाला आत्मनिर्भर नभएसम्मका लागि सामुदायिक पशु व्यवस्थापनको न्यूनतम सञ्चालन खर्च मा प्रशासनिक अनुदानको रुपमा आवश्यक बजेट सहकार्य गर्न नियमित रुपमा वजेट विनियोजन गर्ने।

६. गौशालालाई आत्मनिर्भर र दिगो रुपमा सञ्चालन गर्न सामुदायिक पशुको गोबर तथा मुत्र, शहरी क्षेत्रको कुहिने फोहोरको व्यवसायिक व्यवस्थापन, दुग्ध जन्य पदार्थ उत्पादन, प्रशोधन तथा बिक्री वितरण लगायतका कार्यहरु गर्न सहजीकरण तथा सहयोग गर्ने।

७. गौशालाको पूर्वाधार निर्माणका लागि पूंजीगत अनुदानको रुपमा आवश्यक बजेटको विनियोजन गर्ने।

८. संस्थागत क्षेत्रले सञ्चालन गरेको व्यवसायिक कार्यहरुमा पालिकाले समेत शेयर लगानी गर्ने।

९. सामुदायिक पशुको गोबर तथा शहरी क्षेत्रको कुहिने फोहोरको प्रशोधन मार्फत जैविक मल तथा बायोग्यास उत्पादन र बिक्री वितरण गरी गौशालालाइ आत्मनिर्भर बनाउन भूमिका निर्वाह गर्ने।

१०. सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९ मा ब्यवस्था भए अनुसारको भूमिका निर्वाह गर्ने।

११. गौशाला व्यवस्थापनको लागि सिर्जनात्मक तथा नवप्रवर्तनका कार्यक्रमहरुको विकास

गर्न सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

१२. गौशाला व्यवस्थापनसँग सम्बन्धित योजना तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने ।

१३. कोषमा हुने आम्दानी र खर्चको हिसाब महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका बमोजिम अभिलेख राख्ने प्रबन्ध मिलाउने ।

१४. कोषको आम्दानी तथा खर्चको आन्तरिक लेखा परिक्षण पालिकाको आर्थिक प्रशासन शाखा र अन्तिम लेखापरीक्षण पालिकाको आन्तरिक लेखापरीक्षकबाट गर्ने ।

१५. सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापनको कार्यमा टोल विकास संस्था र वडा समितिलाई आवश्यकतानुसार परिचालन गर्ने ।

१६. गौशाला व्यवस्थापनार्थ आवश्यक पर्ने पूर्वाधार निर्माण, सीप तथा प्रविधिको हस्तान्तरण तथा उपलब्धताका लागि सहयोग तथा सहजीकरण गर्ने ।

**दोश्रो पक्ष (संस्थागत क्षेत्र) संग सम्बन्धित विषयहरु:**

१. कार्यालयसँग भएको सम्झौता शर्त अनुसार गौशालाको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी लिइ सामुदायिक पशुको समुचित व्यवस्थापन गर्ने ।

२. सफा, स्वच्छ, सुन्दर र सुरक्षित शहर बनाउन पालिकासँग सहकार्य गर्ने ।

३. सामुदायिक पशु राखिएको स्थान एवम् संरचना तथा सम्पत्ती एवम् गौशाला रहेको क्षेत्रको संरक्षण, सम्बर्द्धन गर्ने।

४. मितव्ययी एवम् प्रभावकारी रुपमा सामुदायिक पशु तथा सरसफाइ व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

५. गौशाला तथा सरसफाइ ब्यवस्थापनको दिगोपना एवम् आत्मनिर्भरताको लागि नियमित रुपमा आयआर्जन तथा व्यवस्थापकीय क्रियाकलाप सञ्चालन गर्न विभिन्न निकाय वा पक्ष वा क्षेत्रसँग समन्वय तथा सहकार्य गर्ने ।

६. कुनै पक्षबाट शसर्त वा निशर्त रुपमा प्राप्त वा उपलब्ध हुने पूंजीगत अनुदानलाइ गौशालाको सम्पत्ती सिर्जना हुने कार्यमा र प्रशासनिक अनुदानलाइ सञ्चालन खर्चको कार्यमा उपयोग गर्ने ।

७. संस्थागत पूँजीलाइ प्रचलित कानून तथा यस कार्यविधि एवम् आफ्नो विधान वा विनियम बमोजिम स्वीकृत पुर्वाधार निर्माण प्रकृतिका कार्यक्रममा परिचालन गर्नु पर्ने ।

८. गौशाला व्यवस्थापन सम्बन्धी लेखा अभिलेख चुस्त दुरुस्त रुपमा राखी सूचनाहरु सहज सार्वजनिक पंहुचमा राख्ने ।

९. गौशाला व्यवस्थापनमा धैरै व्यक्ति वा निकाय वा पक्षहरु आवद्ध गराइ उनीहरुको लगानी तथा सहभागितामा बृद्धि गराउने ।

१०. गौशालालाइ साझा सम्पत्तीको रुपमा सबै समुदायको अपनत्व तथा स्वामित्व कायम गराउन गौशालाको व्यवस्थापनमा समुदायको भूमिका प्रभावकारी बनाउने ।

११. बचत तथा ऋणको कार्य नगर्ने नगराउने ।

१२. गौशाला व्यवस्थापनको लागि कार्यसंचालन कोष, अक्षय कोष तथा संस्थागत पूंजी बृद्धि गर्न नियमित रुपमा योजनाहरुको निर्माण तथा सिर्जनात्मक क्रियाकलापहरु सञ्चालन गर्न ।

१३. गौशाला तथा सरसफाइ व्यवस्थापनमा सामुदायिक एवम् सार्वजनिक लाभको क्षेत्रमा उद्देश्य तथा प्रकृति मिल्ने अन्य सामुदायिक संघ संस्था वा समुह वा निकाय वा व्यक्तीसँग आपसी समन्वय तथा सम्झौता गरी सहकार्य गर्ने ।

१४. गौशाला तथा सरसफाइ सम्बन्धी सिर्जनात्मक योजना तथा कार्यक्रम र बजेट तर्जुमा गर्न कार्यालयसँग समन्वय गरी कार्यालयलाई सकारात्मक सहयोग गर्ने ।

१५. कार्यालयबाट समय समयमा जारी भएको नीति, निर्देशन तथा परिपत्रलाइ कार्यान्वयन गर्ने ।

१६. पशु धनी पहिचान हुन नसकेका सामुदायिक (छाडा, वेवारिसे) पशुलाई पहिलो पक्षसँगको समन्वय, सहकार्यमा गौशालामा संरक्षण, व्यवस्थापन (पालन, पोषण, हेरचार, सुरक्षा) सेवा प्रदान गर्ने ।

१७. पशुधनीको अनुरोध अनुसार उनीहरुको गाइ गोरुहरुलाइ निश्चित शुल्क लिइ निश्चित समय (अनुत्पादकः दुध नदिने, जोत्न प्रयोग नहुने सिजन) सम्म गौशालामा बोर्डस सेवा प्रदान गर्ने ।

१८. गौशालामा रहेका सामुदायिक पशुहरुको लागि सचिवालय शाखाले निर्धारण गरे अनुसार स्वास्थ्य अवस्था, पोषण तथा आहाराको मापदण्ड कार्यान्वयन गर्ने ।

१९. गौशालामा रहेका सामुदायिक पशु वीच नश्ल सुधार गरी समुदायमा विक्री वितरण गर्न सकिने ।

२०. गौशालामा रहेका सामुदायिक पशुहरुको शव व्यवस्थापन गर्ने स्थान पहिचान भइ अनुमति प्राप्त भएको  क्षेत्रको स्थानमा दुर्गन्ध नफैलने एवम् सुरक्षित तबरबाट शव व्यवस्थापन गर्ने ।

२१. पारिस्थितिक प्रणालीमा सहयोग पुराउन गिद्ध भोजन स्थान पहिचान भइ अनुमति प्राप्त भएको स्थानमा समुदायमा दुर्गन्ध नजाने व्यवस्था मिलाइ गिद्ध भोजन सेवा संचालन गरी सामुदायिक पशुको सब व्यवस्थापन गर्न सकिने ।

२२. भूसंरक्षण, जलाधार ब्यवस्थापन, जल पूनः भरण तथा हरियाली कायम गर्न ताल, तलैया, पोखरी एवम् चेक ड्याम एवम् वातावरण संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

२३. सञ्चालन वा चालु खर्च शिर्षकमा प्राप्त हुने रकम प्राप्त भएको मितिले एक हप्ता भित्र कार्यसञ्चालन कोष रहेको खातामा जम्मा गरी नियमानुसार खर्च गर्ने।

२४. अक्षय कोषको लागि प्राप्त हुने रकम प्राप्त भएको मितिले एक हप्ता भित्र अक्षय कोष रहेको खातामा जम्मा गर्ने।

२५. फुटकर खर्च व्यवस्थापनको लागि एक पटकमा बढीमा पच्चिस हजार रुपैया सम्म पेश्कीको रुपमा लिइ सानो नगदी खातामा हिसाव राखि अधिकतम् तीन महिना भित्र पेश्की फर्छ्यौट गरिसक्नु पर्ने।

२६. कोषमा हुने आम्दानी र खर्चको हिसाब महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा रतरिका बमोजिम अभिलेख राख्ने।

२७. आफूलाइ प्राप्त कार्यआदेश र अधिकारपत्र अनुसार जरीवाना असुल उपरको कार्य गर्ने।

२८. सम्झौताको शर्त तथा प्रचलित कानून विपरितको कार्य गर्न नपाइने।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नामः |
| पद : | पदः |
| कार्यलयको छापः | संस्थाको छापः |
| ठेगानाः | ठेगानाः |

**रोहवरः**

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |

मितिः २०...... ।....। .....

## अनुसूची - ५

## (दफा १७ को उपदफा (८) सँग सम्बन्धित)

## कबुलियतना / प्रतिवद्धता पत्र

गौशाला व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गर्ने संस्थागत क्षेत्र .... ... .... ... ..... को तर्फबाट देहाय बमोजिम कबुलियत / प्रतिवद्धता गर्दछौः-

१. प्रचलित कानून तथा पालिकाबाट स्वीकृत कार्यविधिको पूर्ण पालन गर्नेछौं ।

२. कार्यालयसँग भएको सम्झौतालाइ पूर्ण रुपमा स्वीकार गरी अंक्षरस कार्यान्वयन गर्नेछौ ।

३. कार्यालयसँग भएको सम्झौता अनुसार गौशालाको जिम्मा लिइ मितव्ययी एवम् प्रभावकारी तबरबाट सामुदायिक पशुको समुचित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नेछौं ।

४. सफा, स्वच्छ, सुन्दर र सुरक्षित शहर बनाउन पालिकासँग सहकार्य गर्नेछौं ।

५. सामुदायिक पशु राखिएको स्थान एवम् संरचना तथा सम्पत्ती तथा गौशाला रहेको क्षेत्रको संरक्षण सम्बर्द्धन गर्नेछौं ।

६. गौशाला तथा सरसफाइ ब्यवस्थापनको दिगोपना एवम् आत्मनिर्भरताको लागि नियमित रुपमा आयआर्जन तथा व्यवस्थापकीय क्रियाकलाप सञ्चालन गर्नेछौं ।

७. कोषको दुरुपयोग गर्ने छौनौ ।

८. गौशाला व्यवस्थापन सम्बन्धी लेखा अभिलेख चुस्त दुरुस्त रुपमा राखी सूचनाहरु नियमित रुपमा सार्वजनिक गर्नेछौ ।

९. बचत तथा ऋणको कार्य गर्ने गराउने छैनौ ।

१०. गौशाला व्यवस्थापनको लागि कोष तथा संस्थागत पूंजी बृद्धि गर्न नियमित रुपमा योजनाहरुको निर्माण तथा कार्यान्वयन गर्नेछौ ।

११. गौशाला व्यवस्थापनमा सामुदायिक एवम् सार्वजनिक लाभको क्षेत्रमा अन्य संघ संस्था सँग आपसी सम्झौता गरी सहकार्य गर्नेछौ ।

१२. कार्यालयबाट समय समयमा जारी भएको नीति, निर्देशनलाइ नियमानुसार कार्यान्वयन गर्नेछौ ।

१३. गौशाला व्यवस्थापन सम्बन्धी सिर्जनात्मक कार्यक्रम विकास गर्न आवश्यक समन्वय गर्नेछौ ।

१४. आत्मनिर्भर एवम् दिगो रुपमा गौशालाको सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक रणनीति, योजना तथा कार्यक्रमहरुको विकास र कार्यान्वयन गर्नेछौ ।

१५. पशु धनी पहिचान हुन नसकेका सामुदायिक (छाडा, वेवारिसे) पशुलाई पहिलो पक्षसँगको समन्वय, सहकार्यमा गौशालामा संरक्षण, व्यवस्थापन (पालन, पोषण, हेरचार, सुरक्षा) सेवा प्रदान गर्नेछौ ।

१६. पशुधनीको अनुरोध अनुसार उनीहरुको गाइ गोरुहरुलाइ निश्चित शुल्क लिइ निश्चित समय (अनुत्पादकः दुध नदिने, जोत्न प्रयोग नहुने सिजन) सम्म गौशालामा बोर्डस सेवा प्रदान गर्नेछौ ।

१७. गौशालामा रहेका सामुदायिक पशुहरुको लागि सचिवालय शाखाले निर्धारण गरे अनुसार स्वास्थ्य अवस्था, पोषण तथा आहाराको मापदण्ड कार्यान्वयन गर्नेछौ ।

१८. गौशालामा रहेका सामुदायिक पशुहरुको शव व्यवस्थापन गर्ने स्थान पहिचान भइ अनुमति प्राप्त भएको  क्षेत्रको स्थानमा दुर्गन्ध नफैलने एवम् सुरक्षित तबरबाट शव व्यवस्थापन गर्नेछौ ।

१९. पारिस्थितिक प्रणालीमा सहयोग पुराउन गिद्ध भोजन स्थान पहिचान भइ अनुमति प्राप्त भएको स्थानमा समुदायमा दुर्गन्ध नजाने व्यवस्था मिलाइ गिद्ध भोजन सेवा संचालन गरी सामुदायिक पशुको सब व्यवस्थापन गर्नेछौ ।

२०. भूसंरक्षण, जलाधार ब्यवस्थापन, जल पूनः भरण तथा हरियाली कायम गर्न ताल, तलैया, पोखरी एवम् चेक ड्याम एवम् वातावरण संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नेछौ ।

२१. सञ्चालन वा चालु खर्च शिर्षकमा प्राप्त हुने रकम प्राप्त भएको मितिले एक हप्ता भित्र कार्यसञ्चालन कोष रहेको खातामा जम्मा गरी नियमानुसार खर्च गर्नेछौ ।

२२. अक्षय कोषको लागि प्राप्त हुने रकम प्राप्त भएको मितिले एक हप्ता भित्र अक्षय कोष रहेको खातामा जम्मा गरी उद्देश्य अनुसार सदुपयोग गर्नेछौ ।

२३. फुटकर खर्च व्यवस्थापनको लागि एक पटकमा बढीमा पच्चिस हजार रुपैया सम्म पेश्कीको रुपमा लिइ सानो नगदी खातामा हिसाव राखि अधिकतम् तीन महिना भित्र पेश्की फर्छर्यौट गरिसक्नेछौ ।

२४. कोषमा हुने आम्दानी र खर्चको हिसाब महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका बमोजिम अभिलेख राख्नेछौ ।

२५. आफूलाइ प्राप्त कार्यआदेश र अधिकारपत्र अनुसार जरीवाना असुल उपरको कार्य गर्नेछौ ।

२६. सम्झौताको शर्त तथा प्रचलित कानून विपरितको कार्य गर्ने छैनौ ।

२७. वातावरणलाई नकारात्मक असर नपु¥याउने र प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने कार्य गर्ने छैनौ र गर्न दिने छैनौ ।

२८. प्रचलित कानून बमोजिम नयाँ शेयर सदस्य वा सदस्य विस्तार गरी गौशाला सेवाको कार्यमा विस्तार गर्नेछौ ।

२९. माथि उल्लेख गरिएका प्रतिबध्दता पालना नगरेमा प्रचलित कानून बमोजिम सहने बुझाउँनेछौ ।

**संस्थागत क्षेत्रको तर्फबाट**

नामः ......... ......... ........... औंठाको छांप

पदः ... .... ....... ..... ....

ठेगानाः ... .... ....... ..... .... दायाँ बायाँ

सम्पर्क नं. .... .... ....... .......

दस्तखतः.... ..... ....... .........

छापः ..... ........ ....... ..........

मितिः .... ........ ....... ..........

कबुलियत विवरण (सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र सचिव)

| नाम | पद | ठेगाना | सम्पर्क नं. | दाँया | बांयाँ |
|---|---|---|---|---|---|
| | अध्यक्ष | | | | |
| | सचिव | | | | |
| | कोषाध्यक्ष | | | | |

आज्ञाले,

**नरहरी तिवारी**

प्रमुख प्रशासकीय अधिकृत